**आकाशवाणी समाचार- नेपाली**

मितिः १२ दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

- **पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण एस.आई.आर अन्तर्गत फारम र डाटाको डिजिटलीकरण लगभग पूरा भएको छ।**

- **प्रवर्तन निर्देशनालय ई.डी ले इस्लामिक स्टेट अफ इराक एन्ड सिरिया आई.एस.आई.एस सँग सम्बन्धित पैडघा मोड्युलको जाच का लागि कोलकातामा ठूलो छापा मारेको छ।**

- **दार्जीलिंग जिल्ला प्रशासनको पहलमा विगत दस दिनदेखि पहाड र समतल का ट्याक्सी चालकहरु बीच चलिरहेको विवादको समाधान भएको छ ।**

- **कलकत्ता उच्च न्यायालयको खण्डपिठले पश्चिम बंगाल सरकारलाई राज्यको अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा काँडेतार जडान गर्न ढिलाइको बारेमा विस्तृत हलफनामा दर्ता गर्न आदेश दिएको छ।**

- **दार्जीलिङ पुलिस अनि जीटीए को सयुक्त पहलमा हिज देखि चार दिवशीय मेलो टि फेस्ट दार्जीलिङको चौरस्तामा शुरू भएको छ ।**

**पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण (एसआईआर) अन्तर्गत फारम र डाटाको डिजिटलीकरण लगभग पूरा भएको छ। अहिलेसम्म गरिएको जाँचमा कुल ५७.५२ लाख मतदाताहरूलाई विभिन्न श्रेणीहरूमा मेटाउनका लागि पहिचान गरिएको छ। उक्त सूचीमा २४ लाख १४ हजार ७५० मृत मतदाता, ११ लाख ५७ हजार ८८९ फेला नपरेका मतदाता, १९ लाख ८९ हजार ९१४ स्थानान्तरण, १ लाख ३५ हजार ६२७ नक्कली र ५४ हजार २७ अन्य मतदाता रहेका छन् । ४ नोभेम्बर देखि देशका १२ राज्य र केन्द्र शासित प्रदेशहरूमा एसआईआरको प्रक्रिया चलिरहेको छ। डिसेम्बर ११ सम्म आयोगको वेबसाइटमा सबै फाराम अपलोड गर्नुपर्ने व्यवस्था गरिएको छ । यसपछि १६ डिसम्बर मा मतदाता सूचीको मस्यौदा प्रकाशित हुनेछ । अन्तिम मतदाता नामावली १४ फरवरी २०२६ मा जारी गरिनेछ। यी 12 राज्य र केन्द्र शासित प्रदेशहरूमा कुल 5 लाख बूथ स्तर अधिकारीहरू (बीएलओ) तैनाथ छन्। उनीहरूसँगै राजनीतिक दलका १२ लाखभन्दा अधिक बुथ स्तरीय प्रतिनिधि (बीएलए) पनि यस काममा संलग्न छन्। आयोगले स्पष्ट रूपमा भनेको छ कि प्रत्येक बीएलओले मस्यौदा सूचीमा कुनै पनि प्रारम्भिक गल्ती हटाउन बीएलएसँग बैठक गर्नुपर्नेछ, ताकि कुनै पनि योग्य मतदातालाई गल्तीले नहटाइयोस्। पश्चिम बंगालमा मृत, स्थानान्तरण गरिएका र हराएका वा हराएका मतदाताहरूको सूची राजनीतिक दलका बुथ प्रतिनिधिहरूलाई हस्तान्तरण गरिनेछ। आयोगले राज्यका सबै मुख्य निर्वाचन अधिकारीहरूलाई यी सूचीहरू बिएलएहरूसँग साझा गर्न र आयोगको वेबसाइटमा अपलोड गर्न निर्देश दिएको छ। बिहारमा लागू गरिएको एसआईआरको गाइडलाइन यस प्रक्रियामा लागू हुनेछ ।

**जिला प्रशासन – समतल पहाड़ टैक्सी चालक -समाधान**

दार्जीलिंग जिल्ला प्रशासनको पहलमा विगत दस दिनदेखि समतल र पहाडका ट्याक्सी चालक बीच चलिरहेको विवादको अन्त्य भएको छ ।हिज मल्लगुडीस्थित महकुमा शासक कार्यालयमा एडीएम, एसडीओ, पुलिस अधिकारीहरु , ट्याक्सी चालक युनियन र पर्यटन व्यवसायी संगठनहरुको बैठकले यो समाधान निकालेको हो ।बैठकमा एडीएमले पहिलेजस्तै पहाडमा साइड सिन

गर्न समतलका गाडीहरुलाई अनुमति कायम गर्न निर्देश दिए। साथै उनले दुवै पक्षलाई मिलेर काम गर्न अपिल गरेका छन्। चालकमाथि दुर्व्यवहार वा कुटपिट भएमा कठोर कारबाही गरिने प्रशासनले चेतावनी दिएको छ।ट्याक्सी चालक र पर्यटन व्यवसायीहरुले विवाद अन्त्य भएपछि राहत महसुस गरेका छन्। आगामी पर्यटकीय मौसमलाई मध्यनजर गर्दै यसलाई सकारात्मक कदमका रुपमा मानिएको छ ।

## पश्चिम बंगाल - राज्यपाल सीवी आनंद बोस

पश्चिम बंगालका राज्यपाल सीवी आनन्द बोसले भन्नुभएको छ उहाँको बंगालसँग गहिरो भावनात्मक लगाव छ र उहाँ आफूलाई राज्यको " धर्मपुत्र " मान्नुहुन्छ। यही भावनाका साथ उहाँले आफ्नो मतदाता दर्ता बङ्गालमा स्थानान्तरण गर्ने प्रक्रिया शुरु गर्नुभएको छ ।हिज राज्यपाल श्री बोसले राज्यमा चलिरहेको मतदाता नामावलीको विशेष गहन पुनरीक्षण (एसआईआर) गर्नुभयो।यस अन्तर्गत, उहाँले लोकभवनमा बूथ स्तर अधिकारी (बीएलओ) लाई आफ्नो नामांकन फारम बुझाउनु भयो। उहाँले आफू लामो समयदेखि बंगालमा रहेको र राज्यको माटो, मानिस, संस्कृति र परम्पराले आफूलाई गहिरो जोडेको बताउनु भयो । राज्यपाल सीवी आनन्द बोस १९७७ ब्याचका सेवानिवृत्त केरला क्याडरका आईएएस अधिकारी हुन्। उहाँले २३ नोभेम्बर २०२२ मा पश्चिम बंगालको राज्यपालको रूपमा कार्यभार सम्हाल्नुभएको थियो l

## पश्चिम बंगाल- एसआईआर इन्युमरेसन फारम भर्ने समय सीमा समाप्त

पश्चिम बंगालमा जारी SIR प्रक्रियामा इन्युमरेसन फारम भर्ने समय सीमा हिज समाप्त भएकोछ। गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन इलाकामा तथा सिलगढी महकुमा सहित तराई-डुवर्स क्षेत्रमा इन्युमरेसन फारम भर्ने तथा जमा गर्ने काम सय प्रतिशत पूरा भएको छ।वर्ष 2002 को सूची सित मेल नखाने मतदाताहरूलाई आज देखि सुनवाईका लागि बोलाइनेछ तथा वैध प्रमाणहरू देखाउनु पर्नेछ। मस्यौदा मतदाता सूचिमा नाम सामेल हुन नसकेका मतदाताहरूको नाम, मृत मतदाताहरूको नाम अनि बसाई सरेका मतदाताहरूको नाम बी.एल.ओ.हरूलाई चुनाव आयोगले उपलब्ध गराउनेछ। त्यस पछि दाबी वा आपत्ति दर्ता गराउन सकिन्छ।

## कलकत्ता हाई कोर्ट - पश्चिम बंगाल सरकार

कलकत्ता उच्च न्यायालयको खण्डपिठले पश्चिम बंगाल सरकारलाई राज्यको अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा काँडेतार जडान गर्न ढिलाइको बारेमा विस्तृत हलफनामा दर्ता गर्न आदेश दिएको छ, जहाँ अहिलेसम्म फेंसिंग गरिएको छैन।कार्यवाहक मुख्य न्यायाधीश सुजोय पल अनि न्यायाधीश पार्थ सारथी सेनको पीठले राज्य सरकारले २२ दिसम्बरसम्म आफ्नो हलफनामा दर्ता गर्नुपर्ने बताएको छ। बंगलादेशसँग जोडिएको पश्चिम बंगालको सीमामा तत्काल फेंसिंग लगाउन माग गर्दै दर्ता गरिएको जनहित याचिकाको सुनुवाइका क्रममा न्यायालयमा यो निर्देश दिइएको हो।

## कोलकाता नगर निगम विशेष निगरानी अभियान

कोलकाता नगर निगम (केएमसी) ले यस पटक क्रिसमस र नयाँ वर्षको उत्सवमा होटल, बार, नाइट क्लब र रेस्टुरेन्टहरूमा विशेष निगरानी अभियान चलाउनेछ। केएमसी का एक वरिष्ठ अधिकारी अनुसार मनोरञ्जन करको नियम र सुरक्षाको मापदण्ड पालना गर्न यस्तो कदम चालिएको हो ।शहरमा उत्सव को मौसमको तयारी शुरु भइसकेको छ। यसलाई ध्यानमा राख्दै के एम सी ले २३ दिसम्बर देखि 3 जनवरी सम्म यी सबै स्थानलाई कठोर निगरानी गर्ने निर्णय गरेको छ। गोवाको एक नाइट क्लबमा भएको आगलागीमा २५ जनाको ज्यान गएको आगलागीको घटनालाई मध्यनजर गर्दै यो निर्णय लिइएको हो ।

## प्रवर्तन निर्देशनालय -आई.एस.आई.एस-छापा

प्रवर्तन निर्देशनालय (ई.डी) ले इस्लामिक स्टेट अफ इराक एन्ड सिरिया (आई.एस.आई.एस) सँग सम्बन्धित पैडघा मोड्युलको जाच का लागि हिज कोलकातामा ठूलो छापा मारेको छ। यो कार्यको उद्देश्य आतंकवादसँग सम्बन्धित कार्यलाई बढावा दिएको, हतियार उठाएको र पैसाको प्रबन्ध गरेको आरोप लागेकाहरुको गतिविधिको जाच गर्नु हो ।हिज बिहानैदेखि एजेन्सीले महाराष्ट्रको ठाणे जिल्लाको पडघा-बोरिवली, रत्नागिरी, दिल्ली, उत्तर प्रदेशका धेरै शहरहरू र कोलकाताका घर र कार्यालयहरूमा छापा मारेको थियो।

**दार्जीलिङमा पुलिस टि -मेलो फेस्टको शुभारम्भ**

दार्जीलिङ पुलिस अनि जीटीए को सयुक्त पहलमा हिज देखि चार दिवशीय मेलो टि फेस्ट दार्जीलिङको चौरस्तामा शुरू भएको छ ।जसको विधीवत उदघाटन जीटीएका मुख्य कार्यपाल अनित थापाले गर्नुभयो ।यो चार दिवशीय मेलो टि फेस्टमा म्युजिकल ब्याण्ड प्रतियोगिता,म्यारथन विभिन्न स्टलहरू राखिएको छ जसमा दार्जीलिङका युवाहरूको हस्तसिल्पी,दार्जीलिङको मनरोम दृष्य रहेको फोटोहरू प्रदशनी साथै बिक्री अनि विभिन्न रंगा रंग कार्यक्रम हुनेछ। यस प्रकारको फेस्टको आयोजनाले दार्जीलिङको पर्यटनलाई बडावा दिने लक्ष्य राखिएको बताइएको छ ।

**गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यापाल -ब्याट्री कार प्रदान**

गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापा द्वारा हिज महाकाल मन्दिर कमिटीलाई एक ब्याट्री कार प्रदान गर्नुभयो ।पश्चिम बंगालकी मुख्यमन्त्री ममता बेनर्जीले अक्टोबर महिनामा दार्जीलिङ भ्रमण अवधि महाकाल मन्दिरको दर्शण गर्न जाने वृद्ध अनि दिव्यङ्गहरूको निम्ति ब्याट्री कार दिने घोषणा गर्नुभएको थियो ।त्यसै घोषणा अनुरूप हिज दार्जीलिङको चौरस्ता परिसरमा महाकाल मन्दिर कमिटीका सदश्यहरूलाई एउटा ब्याट्री कार प्रदान गरिएको छ ।उक्त ब्याट्री कारको मर्मत अनि चालको पारिश्रमिकको जिम्मेवारी जीटीएको पुल एण्ड ट्रान्सपोर्ट विभागले लिने जानकारी श्री थापाले दिनुभएको छ । उक्त ब्याट्री कार प्रत्येक बिहान ९ बजे देखि बेलुकी ४ बजे सम्म चल्ने महाकाल मन्दिर समिति का प्रवक्ता अशोक गुरूङले जानकारी दिनुभएको छ ।

****** ० ******